नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
☎ ०९१-५२११०१ 🖷 ५२६४४७
daokailali@moha.gov.np
dao.kailali@gmail.com
daokailali.moha.gov.np
facebook.com/daokailali/
PH3R+63, Dhangadhi
धनगढी,कैलाली

प.सं. ०८२।८३

(स्थानीय प्रशासन शाखा)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनगढी, कैलाली

# चाँडपर्व मनाउने सम्बन्धि अनुरोध !!!

नेपालीहरुको महान चाड वडादशैको पावन अवसरमा जिल्ला प्रशासन कार्यालय कैलाली परिवार सबै जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ । चाडपर्व मनाउने क्रममा हुन सक्ने अवाञ्छित कार्यहरु नियन्त्रण गरी सभ्य सुरक्षित, मर्यादित तथा शान्तिपूर्वक चाडपर्व मनाउने कार्यमा सहयोग पुऱ्याउनु हामी सबैको जिम्मेवारी भएकोले यस कार्यालयमा मिति २०८२।०६।०९ गते वसेको समन्वयात्मक वैठकको निर्णयका साथै देहाय बमोजिम कार्यहरु गरी विजयादशमी लगायतका पर्वहरु मनाउन जिल्लाबासी सबैमा निर्देशानुसार अनुरोध छ ।

## देहाय

१. मादक पदार्थ लगायतका नशालु पदार्थ सेवन गरी पर्वको समयमा सार्वजनिक स्थलमा होहल्ला झै-झगडा जस्ता कार्य गरी शान्ति सुरक्षालाई असर पर्ने कुनै पनि कार्य नगर्ने/नगराउने ।
२. अत्यावश्यक वस्तुमा कृत्रिम अभाव सिर्जना गर्ने, कालोबजारी तथा अनाधिकृत मूल्यवृद्धि गर्ने, म्याद नाघेका वस्तुहरूको ढुवानी, बिक्री-वितरण तथा प्रयोग गर्ने वा गराउने कार्य नगर्नु/नगराउने ।
३. सवारी साधनमा तोकिएको क्षमताभन्दा बढी यात्रु नराख्ने, मादक पदार्थ सेवन गरी सवारी साधन नचलाउने, तोकिएको भाडादरभन्दा बढी भाडा असुल-उपर नगर्ने, तथा प्रचलित कानून अनुसारका ट्राफिक नियमहरूको पालना गर्ने/गराउने ।
४. यात्रुलाई कुनै सहयोगको आवश्यक परे वा गुनासो भएमा नजिकैको यात्रु सहायता कक्ष वा १०० मा सम्पर्क गर्न सकिने छ ।

पुनश्चः- कोही कसैले उपरोक्त विपरितका कार्य गरे/गराएमा नजिकैको सुरक्षा निकाय वा प्रहरी इकाईमा जानकारी गराउनुहुन अनुरोध छ। साथै माथि उल्लिखित गर्न नहुने क्रियाकलापहरु भए गरेमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत निर्देशानुसार सूचित गरिन्छ ।

शिवराज जोशी
प्रशासकीय अधिकृत

मिति:- २०८२।०६।१०
नेपाल सम्बत ११४५